''पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर''

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः- योजना तथा अनुगमन शाखा २०७५।०७६

चलानी नं.:-

मितिः २०७५।०८।१२

## माँगमा आधारित लागत सहभागितामा भौतिक पूर्वाधारका आयोजना सञ्चालन गर्न प्रस्तावना पेश गर्ने सम्बन्धी

## सूचना। सूचना॥ सूचना।॥

यस भद्रपुर नगरपालिकाको दोस्रो नगर सभाबाट आ.व.२०७५।०७६ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नगर क्षेत्र भित्र भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न नगरपालिकाबाट ५०% र उपभोक्ताबाट ५०% को लागत सहभागितामा माँगका आधारमा योजना सञ्चालन गर्ने भन्ने निर्णय भएकोमा मिति २०७५।०७।१९ गतेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार सो कार्यक्रम सञ्चालन गर्न इच्छुक टोल विकास संस्था, उपभोक्ता समिति, सामुदायिक संस्था तथा अन्य संघ संस्थाहरुबाट तपसिलमा उल्लेखित मापदण्डमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन अर्थात मिति २०७५।०९।१२ भित्रमा प्रस्तावना पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावना पेश गर्नका लागि मापदण्ड

१. पेश गर्ने आयोजना भौतिक पूर्वाधार (सडक, पुल, कलभर्ट, सामुदायिक भवन, आवास गृह, सिंचाई, खानेपानी, पर्यटन आदि) सँग सम्बन्धित मात्र हुनु पर्नेछ।
२. आयोजनाको बजेट रु.५० (रु.पचास) लाखसम्मको प्रस्ताव गर्नु पर्नेछ।
३. बढी लागत सहभागिता जनाउने आयोजनालाई प्राथमिकताक्रममा अगाडी राखिनेछ।
४. समुदाय तथा नगरपालिकालाई प्रतिफल (लाभ) प्राप्त हुने आयोजनालाई प्राथमिकता दिइनेछ।
५. नेपाल सरकारको दिगो विकास लक्ष्यको गरिबी न्यूनीकरण योजना अन्तर्गत सिमान्तकृत लक्षित वर्ग आदिवासी जनजाती, मधेशी, दलित, पिछडा वर्ग आदिका अति विपन्न वर्गको आवास भवन बनाउने आयोजनालाई प्राथमिकता दिइनेछ।
६. आयोजना प्रस्तावना पेश गर्नका लागि वडा समितिको सिफारिश अनिवार्य हुनु पर्नेछ।
७. लागत सहभागिताको रकम प्रस्तावना स्वीकृत भएको जानकारी प्राप्त भएपछि सात दिन भित्रमा नगरपालिकामा जम्मा गर्नु पर्नेछ।
८. न्यूनतम प्रस्तावित बजेटको ५०% ले हुन आउने बराबरको रकम जम्मा गर्ने प्रतिबद्धता सहितको निर्णय प्रतिलिपी प्रस्तावनासाथ संलग्न राख्नु पर्नेछ।
९. कुनैपनि सार्वजनिक निकायबाट विनियोजित बजेटलाई लागत सहभागिता भनी जनाउन पाइने छैन।
१०. आयोजनाको प्रस्तावना छनौट गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ।
११. म्याद नाघी आएको प्रस्तावनालाई छनौट प्रकृयामा समावेश गरिने छैन।

.................

तुलसीबहादुर श्रेष्ठ

(प्रमुख प्रशास्किय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००९५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०९५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np